# सेवा करारमा पदपूर्ति सम्बन्धि सूचना

## प्रथम पटक प्रकाशन मिति २०७७।०८।१० गते

यस महानगरपालिकाको मिति २०७७।०८।०८ गतेको निर्णयानुसार गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुदा नं. ५ बमोजिम यस आर्थिक वर्ष २०७७/०७८ को लागि तपसिल बमोजिमको उद्यम विकास सहजकर्ता सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक १८ वर्ष उमेर पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस महानगरपालिकाको वेबसाइट www.bharatpurmun.gov.np मा हेर्नुहुन साथै यस महानगरपालिकाको प्रशासन तथा जनशक्ति विकास शाखाको फोन नं ०५६-५२१४६७ मा सम्पर्क गर्नहुन जानकारी गराइन्छ ।

तपसिल

| क्र. सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | परीक्षा दस्तुर | आवश्यक योग्यता र अनुभव | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०७७/०७८ | उद्यम विकास सहजकर्ता | सहायक पाँचौं | १ (एक) | रु १५००।– (एक हजार पाँच सय रुपैयाँ) राष्ट्रिय वाणिज्य बैंक, भरतपुरमा रहेको राजश्व खाता नं. १३१०१००३०१०१०००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा महानगरपालिकाको राजश्व शाखामा काटिएको रसिद । | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उतीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परीक्षण तह ३ उतीर्ण गरेको | सहायक पाँचौ तहका कुनै निवेदन नपरेको अवस्थामा दुवै चौथो तहको सहजकर्ता राख्न सकिने छ । |
| २ | ०२/२०७७/०७८ | उद्यम विकास सहजकर्ता | सहायक चौथो | १ (एक) | रु १०००।– (एक हजार रुपैयाँ) राष्ट्रिय वाणिज्य बैंक, भरतपुरमा रहेको राजश्व खाता नं. १३१०१००३०१०१०००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा महानगरपालिकाको | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | राजश्व शाखामा काटिएको रसिद | सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ उत्तीर्ण गरेको | |

दरखास्त दिने स्थान– भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रशासन तथा जनशक्ति विकास शाखामा बुझाउन सकिनेछ ।

दरखास्त दिने अन्तिम मिति– २०७७।०८।२४ गते कार्यालय समयभित्र ।

**संलग्न गर्नुपर्ने कागजातहरू**

(क) निवेदन (ख) वायोडाटा (ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (घ) सीप परीक्षणको प्रमाणपत्र भएमा यसको प्रतिलिपि (ङ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (च) कामको अनुभव खुलेको कागजातहरू

**सेवा तथा सुविधाहरू**

योग्यता र अनुभवको आधारमा महानगरपालिकाले सम्झौता तोके अनुसार तलब स्केल र फिल्डमा खटिएको अवस्थाको यातायात खर्च तथा दैनिक भ्रमण भत्ता उपलब्ध गराइने छ ।

**छनौटको तरिका**

प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरी अन्तर्वार्ता लिइने छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत